# ६. प्रशंसा र आराधना

क. मुख्य पदहरु

| | |
|---|---|
| यूहन्ना ४:२३-२४ | हिब्रू १३:१५ |
| भजन १००:४ | एफिसी ५:१९-२० |
| रोमी १२:१ | कलस्सी ३:१६-१७ |
| १पत्रस २:९ | |

ख. परिचय

"प्रशंसा र आराधना" शब्दहरुले प्रभुप्रतिको हाम्रो प्रेम र कृतज्ञतामय प्रत्युत्तरलाई झल्काउंछ. हामी जिउनुको कारणहरु तिनीहरुले सारांशमा प्रकट गर्नेछन् (यशैया ४३:२१; एफिसी १:६, १२, र १४).

* उहाँले हामीलाई दिनुभएका कुराहरुका निम्ति परमेश्वरलाई हामीले धन्यवाद दिनुपर्छ
* हामीलाई उहाँले जे गर्नुभएको छ त्यसका निम्ति हामीले उहाँको प्रशंसा गर्नुपर्छ.
* उहाँ जेजस्तो हुनुहुन्छ त्यसका निम्ति हामी उहाँको आराधना गर्नुपर्छ.

हाम्रो निमित्त कति अचम्मका कार्यहरु गर्नुहुने परमेश्वरप्रति हाम्रो हृदय सदैव धन्यवादी हुनुपर्दछ (भजन १००:४). वास्तवमा प्रभुमा सधैं आनन्दित हुनको निम्ति पावलले हामीलाई प्रोत्साहित गरेका छन् (फिलिप्पी ४:४). परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ, हाम्रो वास्ता गर्नुहुन्छ र हामीले यो कुरा थाहा पाएको उहाँ इच्छा गर्नुहुन्छ. कृतज्ञतापूर्ण हृदयबाट हामी उहाँलाई धन्यवाद चढाउदै आत्मा र सत्यतामा उहाँको आराधना र प्रशंसा गर्नसक्छौं.

I. प्रशंसा भनेको के हो ?

- परमेश्वर के हुनुहुन्छ त्यो स्वीकार गर्ने (भजन १०४:१-३५; १इतिहास २९:१०-१३).
- हाम्रो निम्ति गर्नुभएका सबै कामहरुको लागि उहाँलाई स्वीकार गर्ने (भजन २५:८-१०; यशैया २५:१).

- परमेश्वरको सन्मान गर्ने (भजन ३४:३; भजन ९९:५).
- परमेश्वरको इज्जत गर्ने (दानियल ४:३४-३७).
- परमेश्वरको महिमा गर्ने (प्रकाश १५:४; भजन २९:१).
- परमेश्वरमा छक्क पर्ने (२थेस्स १:१०).
- परमेश्वरको गुणगान गर्ने (लूका १:४६; प्रेरित १०:४६).

घ. परमेश्वरको प्रशंसा हामीले किन गर्नुपर्ने होला ?

- परमेश्वर आफ्ना जनहरुको प्रशंसामा विराजमान हुनुहुन्छ (भजन २२:३).
- मानिसले प्रशंसा गरेजस्तो कुनै प्राणीले गर्न सक्दैन (भजन ३०:९; भजन ११५:१७-१८).
- परमेश्वरले विगत र वर्तमानमा गर्नुभएका कामहरुका निम्ति प्रशंसाले आनन्द मनाउंछ र उहाँलाई उच्च पार्छ (भजन ४०:५; भजन ९८:१; प्रस्थान १५:६).
- प्रशंसाले परमेश्वरको गरिमा र महानता संसारमा घोषणा गर्छ (भजन ६६:५-८).
- प्रशंसाले परमेश्वरको आशिष हामीमा ल्याउँछ (भजन ६७:५-७).
- प्रशंसाले परमेश्वरको शक्तिलाई छुटकारा दिन्छ (भजन १४९:६; २इतिहास २०:१२, २२).
- उहाँको प्रशंसा गर्न परमेश्वरले मानिसको सृष्टि गर्नुभयो (यशैया ४३:२१; एफिसी १:३-१४).
- परमेश्वरको प्रशंसा गर्न हामीलाई सिकाइएको छ (एफिसी ५:१८-२०; भजन १४६:१; भजन १००:४).
- परमेश्वरलाई मनपर्ने बलिदान प्रशंसा हो (हिब्रू १३:१५-१६; भजन १०७:२१-२२; २ शमूएल २४:२४). केवल जिब्रोले प्रशंसा गर्ने होइन तर हाम्रो सम्पूर्ण जीवनबाट पनि (रोमी १२:१).
- परमेश्वर हाम्रो प्रशंसा पाउन योग्यको हुनुहुन्छ (प्रकाश ५:९-१४).

ङ. प्रशंसा एउटा हतियार हो

हाम्रो शत्रु शैतानको विरुद्धमा प्रयोग गर्ने प्रशंसा एउटा हतियार हुनसक्छ किनभने उसलाई प्रशंसा भनेपछि पटक्कै मन पर्दैन. आत्मिक युद्धमा खाली भजन गाउन र प्रशंसाकै खातिर मात्र प्रशंसा गर्दैनौ तर परमेश्वरको

वचनमा पवित्र आत्माद्वारा भएको अभिषेकलाई हामीले अनुभव गर्नुपर्छ (भजन ५६:४, १०-११; २ इतिहास २०:२१-२२). परमेश्वरको सामर्थ्यको प्रष्फुटन नहोउन्जेलसम्म हामी निरन्तर प्रशंसा गरिरहनुपर्छ (प्रेरित १६:२५). यस प्रकारको प्रशंसा चुपचापसित हाम्रो हृदयमा मात्र गर्ने होइन तर सबैले यो सुन्नेगरी गर्नुपर्छ.

च. प्रशंसाका ७ हिब्रू शब्दहरु

१. Yadah - हात समात्नु, हात उठाएर. फैलाएर आराधना गर्नु (उत्पत्ति २९:३५; २ इतिहास ७:६; भजन १०७:८).
२. Halal - प्रष्ट हुनु, देखाउनु, घमण्ड गर्दै मूर्ख साबित हुनु, प्रलाप गर्नु वा अत्यधिक खुशी व्यक्त गर्नु (२ इतिहास २३:५, ३०; २ इतिहास २०:१९,२१; भजन ६९:३०; भजन १५०:१-६).
३. Tehillah (from 'halal') - प्रशंसाको गीतको तारिफ (व्यवस्था १०:२१; २ इतिहास २०:२२; भजन १००:४; भजन १४५:२५). यस प्रकारको प्रशंसामा परमेश्वर सिंहासनारुढ हुनुहुन्छ (भजन २२:३).
४. Barak - घुंडा टेक्नु र यसको अर्थ पूजाको रुपमा परमेश्वरलाई आशिष दिनु (न्यायकर्ता ५:२).
५. Zamar - औंलाले हिर्काउनु, मुखले गाउनुको साथसाथै तारबाजा बजाउनु. यसरी गीत र सँगीतले आनन्द मनाउनु (भजन २१:१३; भजन ५७:७, भजन १०८:१).
६. Shaba ch - ठूलो स्वर तथा आवाजमा परमेश्वरको महिमा वा उहाँलाई सम्बोधन गर्नु (भजन ६३:३; भजन ११७:१६; भजन १४५:४).
७. Towdah - पूजा आराधना गर्दा हात फैलाउनु, विशेषगरी आराधकहरुको झुण्डमा प्रशंसाको वलिदानात्मक स्वीकारोक्ति स्वरुप (भजन १००:१; यर्मिया १७:२६; यर्मिया ३३:११).

छ. आराधना के हो ?

Worship = Worth-ship = परमेश्वर योग्य हुनुभएकोमा कृतज्ञता ज्ञापन (प्रकाश ४:११; प्रकाश ५:१२). आराधनाको निम्ति हिब्रू शब्द 'Segad' र 'Shachah' हो र यी दुवैको अर्थ झुक्नु हुन्छ. ती शब्दहरुले एउटा कुकुर र मानिसको सम्बन्धलाई चित्रित गरिरहेको छ - एउटा आराधनामय प्रेम. आराधनाको लागि मुख्य ग्रीक शब्द

'Proskuneo' हो र यसको मतलब "आदरपूर्ण भावले झुक्दै हात चुम्नु" हुन्छ. बाइबलमा वर्णित आराधनाले आफूभन्दा महान व्यक्तिलाई गरेको आराधनालाई दर्शाउंछ.

ख्रीष्टको रगतले हामीलाई पितालाई पुज्ने सौभाग्य प्रदान गरेको छ (हिब्रू १०:१९-२२). येशू मार्फत प्रत्येक विश्वासी परमेश्वरको निम्ति पूजारीमा नियुक्त भएको छ. तिनीहरुले परमेश्वरका जनहरुलाई परमेश्वरमा समर्पण गर्दछन् र उहाँलाई मानिसहरुमा पुऱ्याउंदछन् (प्रकाश १:६; १ पत्रस २:९). हामीले परमेश्वरलाई आफ्नो जीवनको प्रथम स्थानमा राख्नुपर्छ र आराधना त्यसैको प्रष्फुटिकरण हो. हामीले परमेश्वरलाई यस किसिमले दिंदाखेरि उहाँले हामीलाई आफूतिर आकर्षित गर्दै सबैथोक हामीलाई नै फिर्ता गरिदिनुहुन्छ.

परमेश्वरको आराधना गर्नु भनेको गीत/भजन गाउनु मात्र होइन. वास्तवमा हामी येशूका चेलाहरुले जे गर्छौं (हाम्रो काम, घुम्ने फिर्ने, अध्ययन, पारिवारिक जीवन इत्यादि) सबै नै परमेश्वरलाई गरेको आराधनाको रुप हुनुपर्छ. साँचो आराधनामा हामीले आफैंलाई सत-प्रतिशत उहाँमा सुम्पने कार्य पनि संलग्न भएको हुन्छ, उहाँको निम्ति सम्पूर्ण आज्ञाकारी र सम्पूर्ण रुपमा उपलब्ध हुने. परमेश्वरको आराधना उहाँको महिमा गर्ने जीवनशैली हो.

## ज. पिता आराधना चाहनुहुन्छ

येशूले भन्नुभयो,

*"तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरुले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्. किनकि आराधना गर्ने यस्तै आराधकहरुलाई नै पिताले खोज्नुहुन्छ. परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ."* (यूहन्ना ४:२३-२४).

यो अंशले पाँचवटा बुँदामा शिक्षा दिएको कुरामा ध्यान दिनुस

१. *हामी पिताको आराधना गर्छौं*

छुटकारा पाएको उहाँको छोराछोरीको रुपमा हामी उहाँलाई प्रेम गर्छौं किनभने उहाँले हामीलाई पहिला प्रेम गर्नुभयो (१यूहन्ना ४:१९).

२. *हामी हाम्रो आत्मादेखि नै आराधना गर्छौं*

परमेश्वरलाई स्वीकारयोग्य किसिमबाट हामीले उहाँको आराधना गर्ने हो भने हामीले पवित्र आत्माबाट नयाँ जन्म पाउनुपर्छ भन्ने यसको खास अर्थ हो. हाम्रो आराधना पवित्र आत्माद्वारा उत्प्रेरित र अगुवाई भएको हुनुपर्छ. परमेश्वरको आराधना गर्दा उहाँलाई मनपर्ने किसिमले गर्न केवल पवित्र आत्मा जान्नुहुन्छ (१कोरिन्थी २:१०-१६; यूहन्ना १६:१३-१५).

३. *हामी हाम्रो हृदयदेखि आराधना गर्दछौं*

येशू ख्रीष्ट परमेश्वर पिताको पुत्रद्वारा उहाँको सँगतिमा जिएको जीवनको यथार्थमा हामी सत्यतामा आराधना गर्छौं. बास्तवमा "सत्य" शब्दलाई ग्रीक भाषामा उल्था गर्ने हो भने 'aletheia' हुन्छ अर्थात "सच्चाइ" भन्ने अर्थ लाग्न जान्छ. हाम्रो मुखबाट हामीले परमेश्वरको हृदय पगाल्ने किसमको आराधना गर्नुपर्दछ (मत्ती १५:८-९) हाम्रो हृदयमा येशूले ल्याउनुहुने आनन्द (लूका १:१६-४७) र ताल तथा सुरले भरिइनुपर्दछ (एफिसी ५:१९).

४. *किनभने हामी आफूले व्यक्तिगत रुपमा चिनेको परमेश्वरको आराधना गर्दछौं* (यूहन्ना ४:२२; प्रेरित १७:२२-२३; १कोरिन्थी १४:१५).

५. *हाम्रो इच्छा-चाहनादेखि हामी आराधना गर्दछौं*

हामी आफूलाई मन लागेर वा नलागेर उहाँको आराधना गर्ने होइनौ, तर परमेश्वर स्वयंले यसको चाहना गर्नुहुन्छ.

स्वर्गमा आराधनालाई प्राथमिकता दिइएको छ. जहिले-जहिले हामी बाइबलमा परमेश्वरको चित्र देख्छौं त्यहाँ आराधना भइरहेको हुन्छ (यशैया ६:१-५; प्रकाश ४:६-११; इजकिएल ४७:१-१२). आराधनामा रीति रीवाज महत्वका छन् कि छैनन् भन्ने प्रश्न यहाँ छैन, तर आराधनाले हामीमाथि शासन गर्ने बैधानिकता प्रदान गर्छ. मुख्य कुरा यो हो - हाम्रा आराधनाहरुमा परमेश्वरको जीवन्तता छ कि छैन?

झ. परमेश्वरलाई प्रशंसा र आराधना कुन किसिमले गर्न सकिन्छ ?

- बचनद्वारा (भजन ९:१)
- चर्को स्वरले (भजन ९५:१).
- दण्डवत गरेर (भजन ९५:६).
- गीतहरुमा (भजन १०४:३३; भजन ३३:१).

- नाचेर (सत्यतालाई अझ ठूलो आकारमा बढाएर - हाम्रो जम्मै जीवन, आत्मा, प्राण र शरीर उहाँको प्रेमको प्रत्युत्तरमा प्रभुमा चढाएर) (भजन १५०:४; भजन १४९:३).
- प्रभुमा विजयी भएको अनि उहाँमा नै हाम्रो भरोसा भएको देखाउन हात उठाएर (भजन १३४:२).
- बाजाहरु बजाएर. बाजाको साथमा सधैं गाउनैपर्छ भन्ने जरुरत छैन भजन १५०:३-५; भजन ९८:४-६)
- हाम्रो पूरा जीवनशैलीद्वारा (रोमी १२:१; फिलिप्पी १:२०; १कोरिन्थी ६:२०; एफिसी ५:२०; १थेस्स ५:१६-१८).
- परमेश्वरले दिनुभएको भाषा - आत्मामा गाएर (१कोरिन्थी १४:१५).
- भजनद्वारा. बाइबलका वचनहरु विशेषगरी भजनको पुस्तकबाट येशू ख्रीष्टलाई प्रभु मान्दै महिमा दिएर बनाएको गीतहरु; आत्मिक भजनहरु; मौलिक गीतहरु; पहिले नै रचिएको वा तुरुन्तै त्यसै बखत पवित्र आत्माको प्रेरणामा निस्केको जसमा प्रभुमा हामीले गरेका अनुभवहरुको बयान हुन्छ (एफिसी ५:१९-२०).

ञ. मोशाको तम्बुको नक्सा (हिब्रू ८:५).

१. ख्रीष्टलाई आफ्नो उद्धारकर्ता भनेर विश्वास नगर्नेहरु तम्बु (पाल)का बाहिरपट्टि छन्.

२. हामी तम्बुको बाहिरी मटानस्थित वलिदानको वेदीमा परमेश्वरको निम्तोमा आएका छौं (यहाँ हाम्रो पापहरु क्षमा गरिन्छ) र यहाँबाट हामी बाटा (पानी राख्ने भांडो) भएको ठाउँमा धोइएर शुद्ध हुनको निम्ति जान्छौं.

३. क्षमा पाएर धोइएपछि शुद्ध हुँदै (नयाँ जन्म पाएका क्रिश्चियनहरु) अब हामी परमेश्वरको पूजारीको रुपमा पवित्र स्थानमा जानसक्छौं. पूजारीहरुले एकै ठाउँमा मिसाएको धूपहरु लिएर हामी धूप-बेदीमा (प्रार्थनामा चढाउन) जान्छौं. अनि हामी मानिसहरुले तयार पारेर राखेको रोटी खाने टेबुलतिर लाग्छौं (परमेश्वरको बचन पढन र प्रभु भोज लिन तयार पारेको). मानिसहरुले जैतुनको तेल हालेर सामदानमा बत्ती बालेको उज्यालोमा हामी देख्न सक्छौं (परमेश्वरको ज्योतिमा सँगति).

४. त्यसपछि हामी चिरिएको पर्दाबाट अति पवित्र स्थानमा जानसक्छौं जहाँ सबै कुराहरु अलौकिक छन्. यहाँ वाचाको सन्दुकमाथि परमेश्वरको उपस्थिति रहेको छ. सन्दुकमा परमेश्वरको दश आज्ञा लेखिएको ढुङ्गाको

पाटी राखिएको छ (परमेश्वर आफ्नो व्यवस्था र वचनद्वारा हामीसँग अगाडि नै बोल्नुहुन्छ). सन्दुकको अगाडिपट्टि हारुनको छडी छ (परमेश्वरले आफ्नो जीवन र अधिकार हामीलाई दिनुहुन्छ) र एउटा मन्ना राखेको भुंडुल्को (परमेश्वरले लुकाइराख्नु भएको अलौकिक अनन्त व्यवस्था हामीलाई दिनुहुन्छ). यो ठाउँमा हामी परमेश्वरसँगसँगै उहाँको पाउनेर बसेर आराम गर्छौं. किनभने हामी येशूका पूजारीहरु हौं (१पत्रुस २:९). यसरी हामी स्वतन्त्र र भरोसापूर्वक उहाँकहाँ पुग्नसक्छौं (एफिसी ३:१२; हिब्रू १०:१९-२२).

## ट. प्रश्नहरु र छलफलका बुँदाहरु

१. परमेश्वरले तपाईका निम्ति गर्नुभएका सबै कामहरुका निम्ति उहाँलाई तपाई धन्यवाद दिनुहुन्छ ?

२. येशूका चेलाका नाताले प्रशंसामय र आराधनापूर्ण जीवनशैलीमा हामीले जिउनुपर्ने हो कि ?

३. परमेश्वर गाउनु पनि हुन्छ भन्ने कुरा तपाईलाई थाहा छ ? (सपन्याह ३:१७).

४. सुलेमानले इस्राएलका परमेश्वरको निम्ति बनाएको मन्दिरमा उहाँको महिमा कतिखेर अवतरण भयो ? (२इतिहास ५:११-१४).

५. प्रभुको प्रशंसा - आराधनालाई तपाई कुन किसिमले हेर्नुहुन्छ ?

६. दाऊदले वाचाको सन्दुक यरुशलेममा ल्याउंदा शाउलकी छोरी मिशेलले देखाएकी प्रतिक्रियाबाट हामीले केही शिक्षा लिन सक्छौं कि ? (२शमूएल ६:१२-१६, २०-२३).

७. परमेश्वरको प्रशंसा-आराधना गर्दा तपाई भजन पनि गाउनु हुन्छ वा उहाँलाई आत्मा र सत्यतामा पुज्नुहुन्छ ?

८. आराधना र स्तुतिमा तपाईले कति दुरि तय गरिसक्नु भएको छ ? मोशाको तम्बुलाई ध्यानमा राख्दै यो प्रश्नमाथि विचार गर्नुहोस्.

## ठ. सारांश र प्रयोग

१. तपाई अब येशूको चेला हुनुभएकोले केही कुराका निम्ति चिच्याउने र गाउने विषय तपाईसँग छ ?

२. परमेश्वरको प्रशंसा हामी सबै समय (भजन ३४:१; भजन १४५:२) र सबै परिस्थितिहरुमा (हिब्रू १३:१५) गर्नुपर्छ.

३. हाम्रो प्रशंसा र आराधना शुद्ध हृदयबाट निस्केको परमेश्वरलाई चढाउने बलिदान हुनुपर्छ (भजन ११९:७) र यो सम्पूर्ण हृदयदेखि चढाइएको हुनुपर्छ (भजन १३८:१).
४. मानिसलाई खुशी पार्नको लागि होइन तर परमेश्वरलाई खुशी तुल्याउनको निम्ति हामी आराधना र प्रशंसा गर्छौं.
५. हामीले आत्मा र सत्यतामा परमेश्वरको पूजा गर्नुपर्छ किनभने उहाँ यस्तै किसिमका आराधकहरुको खोजी गर्नुहुन्छ (यूहन्ना ४:२३-२४).

## मोशाको तम्बु

